१७ औं प्रतिदिन वार्षिकोत्सव

# प्रतिदिन

राष्ट्रिय दैनिक

PRATIDIN NATIONAL DAILY





विज्ञापनको लागि सम्पर्कः
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०



वर्ष-१७ ।। अङ्क : २५८ ॥ २०८२ मंसिर ०२ गते मंगलबार (18th Nov 2025 Tuesday) **Pratidin** National Daily मूल्य-रु.५/-


## मानव उद्धार सेवा केन्द्रबाट दुईजना महिला फरार

झापा(प्रस) । झापाको दमक २ स्थित मानव उद्धार सेवा केन्द्रबाट तीनजना महिला फरार भएका छन् ।

आइतवार राति ३४ वर्षीया मीना तामाङ, ३० वर्षीया शान्ति मगर र २४ वर्षीया विनिशा गौतम मानव उद्धार सेवा केन्द्रबाट फरार भएका हुन् । उनीहरुलाई विभिन्न स्थानबाट उद्धार गरी मानव उद्धार सेवा



केन्द्रमा ल्याएर राखिएको थियो । सोही संस्थाका कर्मचारीले जानकारी गराउनसाथ इलाका प्रहरी कार्यालय दमकबाट टोली खटिएर उनीहरुको खोजतलास भइरहेको प्रहरीले जनाएको छ । यसैबीच मानव उद्धार सेवा केन्द्रबाट फरार भएका तीन महिलामध्ये एक जना भेटिएकी छिन् । विनिशा गौतम दमक-४ स्थित सडकमा हिँड्दै गरेको अवस्थामा शनिबार फेला परेको र अन्य दुई जनाको खोजी भइरहेको प्रहरीले जनाएको छ । सडकमा फेला परेकी गौतमलाई पुनः उद्धार केन्द्रकै जिम्मा लगाइएको छ । फरार हुने तीनै जना महिलाको मानसिक अवस्था कमजोर रहेको उद्धार केन्द्रका संस्थापक सुमन श्रेष्ठले जानकारी दिए ।

उनका अनुसार तीन जनामध्ये तामाङको स्थायी ठेगाना भोजपुर हो भने अन्य दुई जनाको स्थायी ठेगाना पत्ता लागेको छैन ।

मानसिक तथा शारिरीक रुपमा अशक्त तथा अभिभावकविहीन नागरिकलाई संरक्षण गर्दै आएको उक्त उद्धार केन्द्रमा हाल २८ जना आश्रित छन् । उनीहरुलाई विभिन्न स्थानबाट उद्धार गरी मानव उद्धार सेवा केन्द्रमा ल्याएर राखिएको संस्थापक श्रेष्ठले बताए ।

## दमकबासीद्वारा मदन भण्डारी राजमार्ग अवरुद्ध

झापा(प्रस)। झापा दमकका बासिन्दाहरुले मदन भण्डारी राजमार्ग अवरुद्ध पारेका छन् ।

सोमवार बिहान दमक नगरपालिका वडा नं.२ र ३ मा पर्ने मदन भण्डारी राजमार्गअन्तर्गत बेलडाँगी १ देखि बाघखोर चोकसम्म करिव डेढ किलोमिटर सडक कालोपत्रे नगरी छाडेको र पानी पनि नहाल्दिँदा धुलो अत्यधिक उड्ने गरेका कारण त्यहाँका स्थानीयले बाँसको बार लगाएर बाटो बन्द गरेका हुन् । धुलोका कारण जनजीवन कष्टकर बन्दै गएकाले यस विषयमा स्थानीय सरकारलाई बारम्बार जानकारी गराउँदा समेत बेवास्ता गरेपछि आज विहान ८ बजेदेखि दमक वडा नं.३ का राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति केशव भण्डारीलगायत १०/१५ जना स्थानीयहरूले बाँसको बार लगाएर बाटो बन्द गरेको जनाइएको छ। उनीहरुले सम्वन्धित निकाय र ठेकेदारले आएर लिखित सहमति नगरून्जेल बाटो नखोल्ने बताएका छन् ।

## इप्रका झिलझिलेबाट फरार थप दुई थुनुवा पक्राउ

झापा(प्रस)।झापाको शिवसताक्षीस्थित इलाका प्रहरी कार्यालय झिलझिलेबाट फरार थप दुई थुनुवा पक्राउ परेका छन् । आइतवार दिउँसो ४:३० बजे इलाका प्रहरी कार्यालय झिलझिलेबाट खटिएको प्रहरी टोलीले शिवसताक्षी -४ बस्ने २९ वर्षीय राजेन्द्र ताजपुरिया र सोही ठाउँ बस्ने ४० वर्षीय नन्दकिशोर शाहलाई उनीहरुको घरबाटै पक्राउ गरेको हो । उनीहरुलाई इप्रका झिलझिलेमा राखिएको छ । लागूऔषध मुद्धामा म्याद थप भई कसुर अनुसन्धान भइरहेकोमा जेनजी आन्दोलनका क्रममा उनीहरु फरार भएका थिए । आइतवार नै अर्का फरार थुनुवा पक्राउ परेका थिए । सवारी अंगभङ्ग मुद्दामा पक्राउ परी अनुसन्धान भइरहेका कचनकवल -६ घर भई हाल काठमाण्डौं दक्षिणकाली ३ फर्पिङ बस्ने १८ वर्षीय अशोक रिमाल पनि पक्राउ परेका हुन् । उनी पनि जेनजी आन्दोलनका क्रममा भदौ २४ गते इप्रका झिलझिलेको हिरासतबाट भागेका थिए ।

इप्रका झिलझिलेबाट ५ जना थुनुवा फरार भएका थिए । त्यसमध्ये ३ जना पक्राउ परेका हुन् । जेनजी आन्दोलनका क्रममा गम्भीर , जघन्य प्रकृतिका र अन्य अपराधमा संलग्न भइ अनुसन्धानमा रहेका इप्रका दमकबाट ५१ जना, बिर्तामोडबाट ३६ जना र झिलझिलेबाट ५ जना गरी ९२ जना थुनुवा फरार भएका थिए । त्यसमध्ये हालसम्म १० जना मात्र पक्राउ परेका छन् भने ८२ जना फरार नै रहेका छन् ।

# उनेपाले गठन गऱ्यो वार्ता र चुनावी घोषणापत्र लेखन समिति

झापा(प्रस) । उज्यालो नेपाल (उनेपा)ले विभिन्न राजनीतिक दल, समूह र व्यक्तिहरूलाई पार्टीमा समाहित तथा एकता गर्नका लागि एकता समिति गठन गरेको छ । त्यस्तै, पार्टीको घोषणापत्र लेखनका लागि पनि समिति गठन गरिएको छ ।

निर्वाचन प्रयोजनका लागि गठित अन्तरिम सरकारमा ऊर्जा, भौतिक पूर्वाधार र सहरी विकास गरी तीन मन्त्रालय सम्हालिरहेका कुलमान घिसिङको संरक्षकत्वमा गठित उनेपाका केन्द्रीय समितिले दुई वटा समिति गठन गरेको हो । उनेपाका केन्द्रीय सदस्य शंकर ढकालका अनुसार केन्द्रीय समितिको बैठकले यी दुई समिति गठन गरेको जानकारी दिए ।

वार्ता समितिको सदस्यमा सुदूरपश्चिम प्रदेश सभामा स्वतन्त्र सांसद तारा जोशी, कलाकार रीमा विश्वकर्मा र निर्देश सिलवाल रहेका छन् । वार्ता समितिमा शंकर ढकाल, घनश्याम पाण्डे, तेजनारायण यादव र किरण विक आमन्त्रित सदस्य रहेका छन् । 'यो समितिले विभिन्न पार्टी, व्यक्ति र समूहसँग एकताको छलफल गर्नेछ । पहिलेका विवेकशील साझा, नयाँ शक्ति, नेपाल राष्ट्रिय विकास पार्टीलगायतका दल तथा





स्वतन्त्र इन्जिनियरको समूहसँग तत्काल छलफल गर्ने योजना छ,' ढकालले भने, 'उज्यालो नेपाल पार्टीलाई वैकल्पिक राजनीतिक शक्ति एवं नयाँ मूलाधारको दल बनाउन विभिन्न राजनीतिक शक्ति र व्यक्तिहरूसँग छलफल गर्नका लागि यो वार्ता समिति गठन गरिएको हो ।' आवश्यकताअनुसार वार्ता टोलीमा आमन्त्रित सदस्य थपघट गरिने बताइएको छ ।

त्यस्तै, उनेपाको केन्द्रीय समिति बैठकले आगामी निर्वाचनका लागि घोषणापत्र लेखन समिति पनि गठन गरेको छ । यो समितिमा शंकर ढकाल (विज्ञान, प्रविधि, नवप्रवर्तन, पूर्वाधार र विपद् विज्ञ तथा युवा व्यवसायी), महेन्द्र लावती (राजनीति र अन्तर्राष्ट्रिय सम्बन्ध विज्ञ), तारा जोशी (सुदूरपश्चिम प्रदेश सभामा स्वतन्त्र सांसद), प्रतिमा शर्मा (महिला तथा समावेशीता विज्ञ), आशुतोष विजय पन्त (चिकित्सक), लाक्पा फुटी शेर्पा (पर्यटन व्यवसायी), अरबिन्द शाह (आईटी विज्ञ, खल्तीका सहसंस्थापक), डा. सागर ढकाल (वातावरण विज्ञ), ज्योत्सना सैंजु (होटल व्यवसायी), श्रीराम गुरुङ (मिडियाकर्मी तथा व्यवसायी), किरण विक (जेन-जी अभियन्ता), संजीव भट्टराई (नीति तथा प्रशासन विज्ञ) रहेका छन् ।

घोषणापत्र लेखन समितिमा मुक्तसिंह लामा (राजनीतिशास्त्रका प्राध्यापक), राजु थापा (विपद् विज्ञ, कानुनविद्) र कुसुम घिमिरे (राजनीतिज्ञ तथा कानुन र सामाजिक अध्ययनकी प्राध्यापक)लाई आमन्त्रित सदस्यका रूपमा राखिएको छ ।

आगामी फागुन २१ मा हुने प्रतिनिधिसभा चुनावका लागि उनेपाले घोषणापत्र लेखन समिति गठन गरेको हो । ऊर्जा मन्त्रालयका पूर्वसचिव अरुणकुमार उपाध्यायको अध्यक्षतामा उनेपाल निर्वाचन आयोगमा दर्ता भएको छ । यो पार्टीको चुनाव चिह्नमा बलिरहेको बिजुलीको चिम रहेको छ ।

# झापामा दुर्घटनामा दुईजनाको मृत्यु

झापा(प्रस) ।दुई दिनअघि झापाको बुद्धशान्तिमा भएको मोटरसाइकल दुर्घटनामा घाइते चालकको मृत्यु भएको छ ।

शनिवार राति ९:३० बजे बुद्धशान्ति-४ मंगलबारेस्थित भित्री सडकखण्डमा भञ्ज्याङबाट मंगलबारेतर्फ जाँदै गरेको मे.१० प.११०४ न.को मोटरसाइकल आफै अनियन्त्रित भई दुर्घटना हुँदा मोटरसाइकल चालक सोही ठाउँ बस्ने २६ वर्षीय अभिषेक नेवार घाइते भएका थिए । उनलाई बीएण्डसी अस्पताल बिर्तामोड लगिएकोमा आइतवार राति ९बजे घाइतेलाई आफन्तले घर लिएर गएका थिए । सोमवार बिहान ६:३० बजे उनको घरमै मृत्यु भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । अनुसन्धान तथा मुचुल्काका लागि




इलाका प्रहरी कार्यालय धुलाबारीबाट प्रहरी निरीक्षक नकुलराज गौतमको कमाण्डमा टोली खटिएको छ ।

त्यस्तै ९ दिनअघि पाडाजुंगी-गौरीगञ्ज भित्री सडकखण्डमा अटो दुर्घटनामा परी घाइते भएकी महिलाको मृत्यु भएको छ ।

गत कात्तिक २१ गते साँझ ७:४० बजे गौरादह- १ गेउरिया चोकस्थित पाडाजुँगी -गौरीगञ्ज भित्री सडकखण्डमा गेउरिया चोकबाट गौरादहतर्फ जाँदै गरेको मे.१ ह ५७५४ नम्बरको अटो गेउरिया चोकमा रोकेर धान लोड गर्दै गरेको प्रदेश न.१-०२-००१ख ९०९३ नम्बरको मिनी ट्रकको पछाडी ठोक्किएको थियो । दुर्घटनामा अटो चालक गौरादह वडा न.१ बस्ने ४८ वर्षीय मोहम्मद डोमा सामान्य र सोही अटोमा सवार उनकी श्रीमती श्रीमती ३७ वर्षीया खुश्बु खातुन गंभीर घाइते भएका थिए ।

खुश्बुलाई निम्स अस्पताल दमकमा सामान्य उपचारपश्चात् थप उपचारको लागि नोवेल अस्पताल बिराटनगर लगिएकोमा आइतवार दिउँसो १२:३० बजे उपचारको क्रममा उनको मृत्यु भएको हो । घटनाबारे अनुसन्धान जारी रहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

# वार्षिक १५ करोडको हाराहारीमा सरकारी राहत

• **लक्ष्मी उप्रेती**

मेचीनगर । सरकारले वार्षिक १५ करोड रुपैयाँको हाराहारीमा राहत रकम उपलब्ध गराउँदैं आएको छ । झापाको मेचीनगरमा सोमबार मेचीनगर नगरपालिकासँग नेपाल बीमा प्राधिकरण, बीमा सम्बन्धी अन्तरक्रिया र छलफलका अवसरमा प्राधिकरणका उपनिर्देशक विनोदकुमार पोखरेलले प्राधिकरणकावारेमा गरेको प्रस्तुतीकरणमा यस्तो उल्लेख छ ।

वि.सं. २०२५ सालमा बीमा प्रणाली तथा बीमा व्यवसायलाई व्यवस्थित नियमित, प्रतिस्पर्धी तथा विश्वसनीय बनाउने मुख्य उद्धेश्यसहित बीमा समितिको रुपमा स्थापना भएको उपनिर्देशक पोख्रेलले बताए । बीमा व्यवसायलाई विकास गर्ने तथा प्रभावकारी नियमन गर्ने, गुणस्तरीय तथा भरपर्दो सेवा प्रदान गर्ने, बीमितको हकहित संरक्षण गर्ने थप उद्धेश्यसहित बीमा ऐन, २०७९ कात्तिक २२ गते लागू भएको बीमा समितिबाट नेपाल बीमा प्राधिकरणमा रुपान्तरण भएको छलफलमा बताइएको थियो ।

नियमन तथा नीतिगत सम्बन्धी कार्य, अर्धन्यायिक/मध्यस्थतासम्बन्धी कार्य, प्रबर्द्धनात्मक सम्बन्धी कार्य सुपरीवेक्षण कार्य नेपाल बीमा प्राधिकरणको काम ,कर्तव्य र अधिकारभित्र पर्ने उपनिर्देशक पोख्रेलको प्रस्तुतीकरणमा उल्लेख छ । बाढीजन्य, पहिरोजन्य, दुर्घटनाको जोखिम र वन्यजन्तु जोखिम दैनिकरुपमा व्यक्ति/व्यवसायीले सामना गर्नुपर्ने जोखिम र बीमा रहेको छ ।



नेपालमा जंगली जनावरको आक्रमणको घटना बढ्दो क्रममा रहेको र कृषि बाली क्षतिमा ६५ प्रतिशतभन्दा बढी हात्ती, गैडा बँदेलआदिका कारण क्षति पुग्ने नेपालको वर्तमान अवस्था रहेको छ । उपनिर्देशक पोख्रेलका अनुसार आर्थिक वर्ष २०८० ८१ मा संरक्षित क्षेत्रहरुमा वन्यजन्तुबाट भएको क्षति वापत कूल १३ करोड ६३ लाख एकहजार सात सय २७ रुपैयाँ राहत वितरण गरिएको थियो । बीमा जागरुकता कम र सरकारी क्षेत्रमा सहभागिता कमजोर छ ।

नेपालको मध्यवर्ती क्षेत्र आसपासमा बसोबास गर्ने जनसंख्यामा जंगली जनावरको आक्रमणबाट मानवीय, भौतिक , कृषिबाली तथा खाद्यान्न र पशुधनहरुमा हुने क्षतिको रक्षवरण गर्न आवश्यक रहेको बताइएको छ । आर्थिक सर्वेक्षण अनुसार आर्थिक वर्ष २०८१/८२ अनुसार मध्यवर्ती क्षेत्र तथा संरक्षण क्षेत्रमा करिब ११ लाख ४२ हजार पाँचसय ९९ जनसंख्या बस्ने गरेको अभिलेख छ ।

स्थानीय सरकार र बमिा कम्पनीको सहकार्यमा सम्पत्ति, घर, लघु, कृषि आदि जस्ता बीमालाई गाउँगाउँमा पुर्‍याउन सहजीकरण गर्ने, बीमा कम्पनी तथा कृषि कार्यालयसँग समन्वय गरी कृषि तथा पशुपंछी बीमालाई प्राथमिकताका साथ अघि बढाउने, बीमा सम्बन्धमा उत्पन्न हुने समस्याहरु समाधानका लागि नेपाल बीमा प्राधिकरणलाई जानकारी दिने बीमा विकासमा स्थानीय तहको भूमिकाभित्र पर्ने छलफलमा बताइयो ।

आवश्यकता अनुसारको बीमालेख तयार गरेर, आवश्यकता अनुसारको सेवा उपलब्ध गराउन बीमा कम्पनीलाई निर्देशन दिएर, दाबी भुक्तानीमा कुनै समस्या आइपरेमा सहयोग, बीमा सम्बन्धी कुनै प्रकारको उजुरी परेमा आवश्यक सहजीकरण गरेर, स्थानीय सरकार र बीमा प्राधिकरणबीच निरन्तर समन्वय कायम गरेर बीमाको विकासमा स्थानीय सरकारलाई प्राधिकरणले सहयोग गर्न सक्ने उपनिर्देशक पोख्रेलले बताए । नेपाल सरकारको बजेट वक्तव्यको बुँदा नम्बर ३२६ मा 'एक परिवार एक बीमा' अवधारणा साकार पार्न आवश्यक कार्यक्रम सञ्चालन गरी स्थानीय तहसम्म बीमाको पहुँच विस्तार गरिनेछ भन्ने व्यवस्था रहेको कारण बीमाको विकासमा स्थानीय तहको भूमिका रहने बताइएको छ ।

नगरसभा हलमा नगरप्रमुख गोपालचन्द्र बुढाथोकीको प्रमुख आतिथ्यता भएको छलफलमा बोल्दैं नगरप्रमुख बुढाथोकीले राहत वितरणलाई भन्दा नागरिकलाई बीमाको दायरामा ल्याउन, न्यून आय भएकाको बीमा गर्न र घर बीमालाई अगाडि बढाउन प्राथमिकता दिने प्रतिवद्धता व्यक्त गरे ।

बीमा कम्पनीहरूले समयमा नै बीमा दाबी भुक्तानी नगरेसम्म बीमाप्रतिको विश्वास नबढ्ने उल्लेख गर्दै उनले समयमैं दाबी भुक्तानी नदिने कम्पनीहरूलाई प्राधिकरणले नियन्त्रण गर्न सुझाव दिए । नगर प्रमुख बुढाथोकीले सरोकारवालाहरूसँगै यसरी छलफल गर्दा धेरै कुरा आउने, उनीहरुका समस्या सम्बन्धित पक्षले सुन्ने हुँदा पनि स्थानीय सरकारले पटक पटक यस्ता कार्यक्रम आयोजना


❖ बाँकी पृष्ठ ३ मा

# वैकल्पिक शक्ति निर्माणको प्रयासमा बाबुराम–जनार्दन

झापा(प्रस) । जेनजी विद्रोहपछि राजनीतिक दलहरूमा ठूलो हलचल पैदा भएको छ।

पुराना तथा प्रमुख भनिएका सबैजसो दलहरूमा पुनर्गठनको बहस जारी छ भने नेतृत्व हस्तान्तरण तथा पुस्तान्तरणका मागहरू उठिरहेका छन्। जेनजी आन्दोलनले छेडेको बहस र त्यसपछि उत्पन्न परिस्थितिकाबीच नयाँ दल निर्माण तथा फुट्ने र जुट्नेक्रम पनि जारी छ। यही सिलसिलामा स-साना तर पुराना दलहरूबीचको ध्रुवीकरणबाट युवा नेतृत्वसहितको एउटा नयाँ दल निर्माण हुँदैछ।

यसको पहल विभिन्न समयमा तत्कालीन माओवादीबाट बाहिरिएका नेता डा. बाबुराम भट्टराई र जनार्दन शर्माले गरेका हुन्। २०७२ मै माओवादी छाडेर विभिन्न पार्टी बनाएका भट्टराई र हालैमात्र माओवादीले रोजेको एकता प्रक्रियामा सामेल नभएका शर्माले ध्रुवीकरणको पहलकदमी लिएका हुन्। केही समयअघि देखि नै भट्टराई वैकल्पिक शक्तिलाई एक ठाउँमा ल्याउने प्रयासमा लागेका भए पनि माओवादीले अन्य वाम घटकहरूसँग एकता गरेसँगै त्यसको विपक्षमा उभिएका शर्माको साथ पाएपछि ध्रुवीकरण सम्भव भएको हो। यसमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) बाट अलग भएका नेता सन्तोष परियार जोडिका छन्। यी तीन घटकबीच २८ कात्तिकमै सहमति भइसकेको छ। सहमतिपत्रमा नेसपा नयाँ शक्तिबाट विशेष महाधिवेशन आयोजक समिति संयोजक दुर्गा सोब, शर्माले घोषणा गरेका प्रगतिशील राष्ट्यि अभियानका तर्फबाट संयोजक सुदन किराती र रास्वपाबाट बाहिरिएका परियारले हस्ताक्षर गरेका छन्।

उनीहरूले देशको गम्भीर अर्थ-राजनीतिक संकट, भ्रष्टाचार, नातावाद, बेरोजगार र दलहरूमा देखिएको व्यापक भ्रष्टीकरणविरुद्ध भएको जेनजी आन्दोलनको पृष्ठभूमिमा चुनौतीपूर्ण ऐतिहासिक कार्यभार पुरा गर्न र समग्र राजनीतिलाई पुनर्संरचना गर्ने लक्ष्यका साथ सहमतिमा पुगेको बताएका छन्। यी तीन घटकबीच ७ मंसिरमा एकता घोषणा हुँदैछ।

एकताका लागि तयार भइसकेका तीन घटकहरूबीच पार्टीको नाम र चुनाव चिह्नमा सहमति भइसकेको छ। निरन्तरको छलफलपछि आफूहरूबीच पार्टीको नाम र चुनाव चिह्नमा सहमति भएको नेसपा नयाँ शक्तिका नेता सोनामसिंह स्याङ्तानले जानकारी दिए।

नेता स्याङ्तानका अनुसार एकीकृत पार्टीको नाम प्रगतिशील लोकतान्त्रिक पार्टी (प्रलोपा) र चुनाव चिह्न 'आँखा' रहने छ। 'निरन्तरको छलफलपछि पार्टीको नाम प्रगतिशील लोकतान्त्रिक पार्टी र चुनाव चिह्न आँखा रहने छ', उनले भने, 'यसमा सहमति भइसकेको छ।' आँखा चुनाव चिह्न बाबुराम भट्टराईले नेतृत्व गर्दै आएका पुरानै पार्टीको हो। जसपा नेपालमा रहँदा उपेन्द्र यादवसँग विवाद चुलिएपछि २०७८ फागुनमै उनले आफूनिकट नेता दीपक लामिछानेलाई आँखा चुनाव चिह्न राखेर समावेशी लोकतान्त्रिक पार्टी दर्ता गरएका थिए।

पछि जसपा नेपालबाट बाहिरिएपछि भट्टराईले सोही पार्टीको नाम परिवर्तन गरेर नेपाल समाजवादी पार्टी राखेका थिए। पछिल्लो समय 'नेपाल समाजवादी पार्टी (नयाँ शक्ति)' का रुपमा रहँदै आएको उनको पार्टी अहिले ध्रुवीकरण हुन लागेको हो।

भट्टराईले ०७८ सालकै पार्टीको नामको अंश 'लोकतान्त्रिक' भन्ने शब्दलाई एकीकृत पार्टीका नाममा जोड्न लागेका हुन् भने जनार्दन शर्माले घोषणा गरेका अभियानको 'प्रगतिशील' शब्दलाई मिलाएर 'प्रगतिशील लोकतान्त्रिक पार्टी' राख्ने सहमति भएको हो।

जेनजी आन्दोलनपछि युवाको नेतृत्वमा पुनर्गठन हुनुपर्ने बहस दलहरूभित्र व्यापक छ। नेताहरूका अनुसार यही मर्म बुझेकाले एकीकृत पार्टीको नेतृत्वमा भट्टराई र शर्मा दुवै रहने छैनन्।

ध्रुवीकरण भएर बन्ने एकीकृत पार्टीको नेतृत्व युवाले सम्हाल्ने प्रगतिशील अभियानका संयोजक सुदन किरातीले दावी गरे। उनले आफ्नो उमेर समूहका व्यक्तिले मात्र विगतको अनुभव र अगाडिको ऊर्जालाई जोड्न सक्ने भन्दै युवाले नै एकीकृत पार्टीको नेतृत्व गर्ने बताए। नेता किरातीको भनाइः-'नेपाली राजनीतिको पुनर्संरचना गर्ने हाम्रो एजेन्डा हो। त्यो उद्देश्य बोकेको संगठन प्रणालीमा चाहिँ अनुभवले भरिपूर्ण अग्रजहरू हामीलाई मार्ग निर्देश गर्ने भूमिकामा रहनुहुन्छ।

अहिले जो अभिभावकीय भूमिका निर्वाह गरिराख्नुभएको छ, अब उहाँहरू पार्टीको कार्यकारी नेतृत्वमा हुनुहुने छैन। यसको अर्थ अब युवाले नेतृत्व नेतृत्व गर्ने पक्का हो। किन पनि भने मेरो उमेर समूहकाले मात्रै विगतको अनुभव र अगाडिको ऊर्जालाई जोड्न सक्छ। यसको मतलब मैले नेतृत्वमा दावी गरेको होइन।

अहिले नेतृत्वलाई लिएर व्यक्तिका नाममा गइसकेका छैनौँ। कसरी सामूहिक नेतृत्व र सामूहिक नीतिको मोडालिटी बन्न सक्छ भनेर छलफल गरिहेका छौँ। '

नेसपा नयाँ शक्तिका नेता सोनामसिंह स्याङ्तानले पनि युवालाई नेतृत्व सुम्पने गरी छलफल भइरहेको बताए। जेनजी विद्रोहको 'स्पिरिड' अनुसार दोस्रो वा तेस्रो पुस्ताले एकीकृत पार्टीको नेतृत्व गर्ने सम्भावना रहेको बताउँछन्।

'हाम्रो अहिले भएको छलफल र जेनजी आन्दोलनको स्पिरिड पनि त्यही छ कि अब युवामा नेतृत्व हस्तान्तरण हुनुपर्छ। त्यसकारण अब पुराना नेताभन्दा दोस्रो वा तेस्रो तहका युवा नेताले गर्नेगरी छलफल भइरहेको छ', उनले भने, 'यद्यपि, अहिले फलाना नै भनेर व्यक्तिको नाममा भने छलफल भइरहेको छैन। पहिला मोडालिटी तयार गेरेर नाममा छलफल गर्ने भन्ने छ।' ध्रुवीकरणलाई बृहत् बनाउने प्रयासस्वरुप आफूलाई वैकल्पिक दावी गर्ने अन्य पुराना तथा नयाँ शक्तिहरूलाई पनि समेट्ने प्रयास भइरहेको नेताहरू बताउँछन्।

आफूलाई प्रमुख शक्ति दावी गर्ने दलहरू नेपाली कांग्रेस, नेकपा एमाले, नेपाली कम्युनिष्ट पार्टी (नेकपा) र राजाको नाममा राजनीति गर्दै आएको राप्रपाबाहेकका सबै शक्तिलाई एकठाउँ ल्याउने प्रयास भइरहेको नेता स्याङ्तानले बताए।

'वैकल्पिक शक्तिहरूबीच बृहत् ध्रुवीकरणबाट साँच्चिकै वैकल्पिक शक्ति निर्माणको अभियान हो यो। यसक्रममा कांग्रेस, एमाले, नेकपा र राप्रपाबाहेकका सबै दल र घटकहरूसँग छलफल भइरहेको छ', उनले भने, 'रास्वपा, विवेकशील साझादेखि नयाँ निर्माणका क्रममा रहेका दल र व्यक्तिहरूसँग छलफल भइरहेको छ।'

प्रगतिशील अभियानका संयोजक किरातीले पनि विभिन्न माध्यममार्फत सबैसँग संवाद चलिरहेको बताए। एकता गर्ने बेलासम्ममा केही थपिन सक्ने गरी छलफल सकारात्मक रहेकोसमेत उनको दावी छ।

'अहिले तीनवटा घटकबीच सहमति भइसकेको छ। यसमा अन्य सबै नयाँ सोच र शक्तिहरू निर्माण भइसकेका र निर्माणका क्रममा रहेकाहरूसँग पनि विभिन्न माध्यममार्फत वार्तालाप चलिरहेको छ', उनले भने, '७ गते एकता घोषणा गर्ने बेलासम्ममा अरु केही थपिने सम्भवाना छ।'

# पहिलो खेलमा काठमान्डुद्धारा जनकपुरलाई ५ विकेटले पराजित

झापा(प्रस) । बलिङसँगै ब्याटिङमा पनि उत्कृष्ट प्रदर्शन गरेपछि काठमान्डु गोर्खाजले नेपाल प्रिमियर लिग (एनपीएल) सिजन २ को पहिलो खेलमा सोमबार डिफेन्डिङ च्याम्पियन जनकपुरलाई ५ विकेटले पराजित गरेको छ ।

ओपनरद्वय बेन चार्ल्सवर्थ र आकाश त्रिपाठीको उत्कृष्ट ब्याटिङपछि काठमान्डुले त्रिवि क्रिकेट अन्तर्राष्ट्रिय रंगशालाको पहिलो पटक फ्लड लाइटमा खेलाइएको खेलमा १ सय ३१ रनको लक्ष्य दुई ओभर अगाडि नै पूरा गऱ्यो ।

इंग्लिस खेलाडी चार्ल्सवर्थले २३ बलमा ४६ रन बनाउँदै आकाशसँग पहिलो विकेटमा ८ ओभरमा ७० रन जोडी काठमान्डुलाई उत्कृष्ट सुरुवात दिलाएका थिए । चार्ल्सवर्थले ५ चौका र ३ छक्का प्रहार गरे । गत सिजन जनकपुरले उपाधि जित्दा सदस्य आकाशले ४५ बल खेली ५ चौकासहित ३९ रन बनाए ।

चार्ल्सवर्थलाई यान निकोल लफ्टी इटनले आफ्नै बलिङमा शानदार क्याच गरे । भीम सार्की ७ बल खेली ३ रनमै आउट भए पनि आकाशले संयमित खेल्दै काठमान्डुको इनिङ्स अगाडि बढाएका थिए । आकाशलाई सञ्जय कृष्णमुर्थीले बोल्ड गरे ।

मिलिन्द कुमारले २२ बल खेली १ छक्कासहित १९ र जोहन सिम्पसनले ६ बल खेली समान १ चौका र छक्कासहित १३ रन बनाए । जेहर्राड इरसमस १ र मोहम्मद आदिल अन्सारी ४ बलमा १ छक्का प्रहार गरी ८ रन बनाई अविजित रहे ।यसअघि आसिफ शेखले अर्धशतक बनाए पनि काठमान्डुले जनकपुरलाई १ सय ३० रनको स्कोरमा रोकेको थियो । काठमान्डुले टस जितेपछि ब्याटिङमा आएको जनकपुरले निर्धारित २० ओभरमा ६ विकेट गुमाई १ सय ३० रन मात्र बनाउन सकेको थियो । पहिलो २ ओभरमा विना क्षति २६ रन बनाएको जनकपुर १० ओभरमा ५६-४ को स्थितिमा पुगेको थियो । अमेरिकी अलराउन्डर मिलिन्दले पाँचौं ओभरमा लाहिरु मिलान्थालाई विकेटको पछाडि क्याच र कप्तान अनिल साहलाई आउट गराई काठमान्डुलाई उत्कृष्ट पुनरागमन गराएका थिए ।

लाहिरुले १२ बलमा ७ रन बनाए भने अनिलले खाता खोल्न सकेनन् । मिलिन्दले आफ्नो अर्को ओभरमा लफ्टी इटनलाई २ रनमा बोल्ड गरी जनकपुरलाई उच्च दबाबमा राखेका थिए । अमेरिकी ब्याट कृष्णमुर्थीलाई सन्तोष यादवले २ रनमा बोल्ड गरेपछि पहिलो १० ओभरको खेलमा काठमान्डु हावी भएको थियो ।

मार्की खेलाडी आसिफले ४१ बलमा ५४ रन बनाए । उनले ६ चौका र १ छक्का प्रहार गरे । साहब आलमले आसिफलाई विकेटकिपर सिम्पसनबाट क्याच गराए । लाहिरु समराकुन २१ बलमा २२ रन बनाई आउट भए । अन्तिम ओभरको पाँचौं बलमा करणबाट आउट भएका उनले २ छक्का प्रहार गरेका थिए ।

अन्तिम बलको सामना गरेका रुपेश सिंहले चौका प्रहार गरे । मायन यादव ३४ रनमा अविजित रहे । उनले २९ बल खेल्दै २ चौका र १ छक्का प्रहार गरे । काठमान्डुका मिलिन्दले ४ ओभरमा १५ रन मात्र खर्चेर ३ विकेट लिएका हुन् । १४ ओभरमा ७९ रन रहेको जनकपुरले अन्तिम ६ ओभरमा ५१ रन जोडेको थियो ।

# शेख हसिनालाई मृत्युदण्डको सजाय



झापा(प्रस) । मानवताविरुद्धको अपराध गरेको भन्दै बंगलादेशकी पूर्वप्रधानमन्त्री शेख हसिनालाई त्यहाँको एक अदालतले मृत्युदण्डको सजाय सुनाएको छ ।

गत वर्ष जुलाई-अगस्टमा भएको आन्दोलन दबाउन उनले मानवताविरुद्धको अपराध गरेको भन्दै त्यहाँको अदालतले मृत्युदण्डको सजाय सुनाएको हो ।

बंगलादेशी मिडिया द डेली स्टारका अनुसार त्यहाँको अन्तर ाष्ट्रिय अपराध अदालतको तीन सदस्यीय इजलासले सोमबार हसिनाविरुद्ध यस्तो आदेश गरेको हो । भारतमा निर्वासनमा रहेकै बेला हसिनाको उपस्थितिबिनै अदालतले मुद्दा चलाएको हो ।

४५३ पृष्ठको फैसला पढ्नुअघि न्यायाधीश मोहम्मद गुलाम मुर्तजा मजूमदारले ६ भागमा फैसला सुनाइने बताएका थिए । फैसलाको घोषणा बंगलादेशी टेलिभिजनमा प्रत्यक्ष प्रसारण गरिएको थियो ।

# राष्ट्र बैंकको नाफा साढे ८० अर्ब



झापा(प्रस) । आर्थिक वर्ष २०८१/८२ मा नेपाल राष्ट्र बैंकले करिब साढे ८० अर्ब रुपैयाँ खुद नाफा कमाएको छ । उक्त अवधिमा विदेशी विनिमय तथा अन्य सम्पत्ति पुनर्मूल्यांकन लाभ/हानि समायोजन अघिको खुद आय अघिल्लो आर्थिक वर्षको तुलनामा ९.११ प्रतिशतले बढेर ८० अर्ब ४८ करोड २६ लाख ५० हजार पुऱ्याएको हो ।

आर्थिक वर्ष २०८०/८१ मा यस्तो खुद आय ७३ अर्ब ७६ करोड २३ लाख २१ हजार रुपैयाँ रहेको थियो । गभर्नर विश्वनाथ पौडेलले आइतबार अर्थमन्त्री रामेश्वर खनाललाई बुझाएको आर्थिक वर्षको वार्षिक प्रतिवेदनमा यस्तो उल्लेख छ ।

उल्लिखित नाफामध्येबाट राष्ट्र बैंकले सरकारलाई ४२ अर्ब रुपैयाँ सरकारलाई दिने भएको छ ।

बैंकको खुद नाफामध्ये कानुनअनुसार विभिन्न कोषमा राख्नुपर्ने रकम राखेपछि बाँकी रहेको ४२ अर्ब सरकारलाई उपलब्ध गराउने निर्णय भएको छ 'सञ्चालक समितिको मिति २०८२ कात्तिक २८ को बैठकबाट बैंकको खुद मुनाफामध्ये विभिन्न कोषहरुमा छुट्याउनु पर्ने आवश्यक रकम विनियोजन गरी बाँकी रकम ४२ अर्ब नेपाल सरकारलाई उपलब्ध गराउने निर्णय गरेको छ,' राष्ट्र बैंकले भनेको छ ।

बैंकले सरकारलाई उपलब्ध गराउने उक्त रकम अघिल्लो आवको तुलनामा ५ अर्बले धेरै हो । आर्थिक २०८०/८१ मा बैंकले ३७ अर्ब २२ करोड रुपैयाँ सरकारलाई उपलब्ध गराएको थियो । आर्थिक वर्ष २०८१/८२ मा राष्ट्र बैंकको जम्मा खुद सञ्चालन आम्दानी रु.८८ अर्ब ४६ करोड ७४ लाख ८० हजार पुगेको छ । अघिल्लो आर्थिक वर्षको तुलनामा १०.२५ प्रतिशतले बढेको हो । 'आर्थिक वर्ष २०८१/८२ को खुद सञ्चालन आम्दानीमा खुद ब्याज आम्दानीको अंश ९८.६९ प्रतिशत, अन्य सञ्चालन आम्दानीको अंश १.४१ प्रतिशत र विदेशी विनिमय खरिद बिक्रीबाट आम्दानी ०.१० प्रतिशत ऋणात्मक रहेको छ,' राष्ट्र बैंकले भनेको छ, 'सो अवधिमा खुद ब्याज आम्दानी अघिल्लो आर्थिक वर्षको तुलनामा १०.०८ प्रतिशतले बढेर ८७ अर्ब ३० करोड ९७ लाख ०८ हजार पुगेको छ ।'

त्यसैगरी, अन्य आम्दानी रु.१ अर्ब २४ करोड ६८ लाख २९ हजार भएको छ । विदेशी विनिमय खरिद बिक्रीबाट हुने आम्दानी भने ८ करोड ९० लाख ५७ हजार ऋणात्मक रहेको राष्ट्र बैंकको वार्षिक प्रतिवेदनमा उल्लेख छ ।

बैंक तथा वित्तीय प्रणालीमा थुप्रिएको अधिक तरलताले राष्ट्र बैंकको नाफा घटाएको छ ।

वित्तीय प्रणालीमा अधिक तरलता रहँदा त्यो व्यवस्थापनका लागि राष्ट्र बैंकले पैसा खर्चिनुपर्ने भएकाले राष्ट्र बैंकको खुद नाफामा असर पर्छ । जसअनुसार गत वर्ष राष्ट्रले तरलता व्यवस्थापनका लागि करिब ९ अर्ब रुपैयाँ खर्चेको छ । चालु आर्थिक वर्षमा तरलता घटेको छैन । यस कारण यस वर्ष पनि तरलता व्यवस्थापनका लागि बैंकले गत वर्षभन्दा धेरै रकम तरलता व्यवस्थापनका लागि खर्चिनुपर्नेछ ।

# अन्तर्राष्ट्रिय बजारमा खास बन्दै नेपाली कफी

झापा(प्रस) । नेपालमा उत्पादित कफी विश्व बजारमा विशेष रुचाइएको छ।

राष्ट्रिय चिया तथा कफी विकास बोर्डका अनुसार अन्तर्राष्ट्रिय बजारमा नेपाली उत्पादनलाई स्पेसियालिटी कफीका रुपमा मन पराइएको छ।

अराविका जातको कफी प्राकृतिक रूपमा चिसो हावापानी र उच्च पहाडी भूभागमा अर्गानिकरुपमा फलाइन्छ। अराविका कफी तुलनात्मक रूपमा संसारमै महँगो रहेको छ। संसारभर ७५ प्रतिशत जति अराविकाकै उत्पादन हुन्छ भने नेपालमा यो जातको मात्र कफी उत्पादन हुन्छ। अराविका कफी पारखीहरूको पहिलो रोजाईमा पर्छ।नेपालभित्रै पनि कफीको माग बढिरहेको छ, जसले गर्दा कफीरोपण क्षेत्र बढ्दा पनि माग धान्ने गरी उत्पादन बढ्न सकेको देखिँदैन। यहाँ उत्पादित कफीले आन्तरिक मागको थोरै हिस्सामात्र पूरा हुन्छ।

पछिल्ला वर्षहरूमा उत्पादन बढ्दो क्रममा रहे पनि विदेशबाट आयात गर्नुपरेको छ। तथापि गत वर्ष २८



प्रतिशतले उत्पादन बढेको बोर्डका कृषि विकास अधिकृत गौरव लुइँटेल बताउँछन्।

उनका अनुसार, आर्थिक वर्ष २०८०/८१ मा ५०१.३ मेट्रिक टन कफी फलेकोमा २०८१/८२ मा ६४१.९ मेट्रिक टन ग्रीन बीन कफी उत्पादन भएको छ।

आर्थिक वर्ष २०८१/८२ मा नेपालले ११ करोड ४३ लाख रुपैयाँ बराबरको ६४ मे.टन कफी निर्यात गर्दा १४ करोड ४१ लाख रुपैयाँ बराबरको २३० मे.टन कफी आयात गरेको लुइँटेलले जानकारी दिए।

आर्थिक वर्ष २०७९/८० मा १३ करोड ४ लाख बराबरको ७७.८६ मेट्रिक टन कफी विदेश निर्यात गरिएको छ। नेपाली कफी कोरिया, जापान, जर्मनी लगायतका देशमा बेचिन्छ।

राष्ट्रिय चिया तथा कफी विकास बोर्डले गत वर्षकै दर कायम गरी कच्चा कफीको न्यूनतम् मूल्य पनि तोकेको छ। जसअनुसार, फ्रेस चेरी कफी ग्रेड 'ए'को मूल्य प्रतिकेजी १०५ रुपैयाँ र ग्रेड 'बी'को ९५ रुपैयाँ रहेको छ।

यस्तैगरी, पार्चमेन्ट कफीको भने ग्रेड 'ए'को प्रतिकेजी ५३५ रुपैयाँ र ग्रेड 'बी' को प्रतिकेजी ४८२ रुपैयाँ तोकिएको बोर्डले जनाएको छ। ड्राइ चेरी कफीको ग्रेड 'ए' को प्रतिकेजी २८० र ग्रेड 'बी'को प्रति केजी २४७ रुपैयाँ रहको छ।

सन् १९९५ सालमा गुल्मी आँपचौरका हीरा गिरीले बर्माको सिन्धु प्रान्तबाट कफीका बीउ ल्याएर खेती सुरु गरेको मानिन्छ।

२०२० को दशकमा सरकारले नै भारतबाट कफीको बीउ ल्याई झापाका किसानलाई खेतीमा अग्रसर गराएपछि उत्पादनले गति लिएको बोर्डले जनाएको छ।

२०४० सालमा रूपन्देहीको मणिग्राममा नेपाल कफी कम्पनीको स्थापना भएपछि कफी उत्पादनले व्यावसायिकता पाएको बोर्डको दावी छ। कम्पनीले कृषकलाई कफी उत्पादन गर्न लगाएर खरिद गरी प्रशोधन गरेर आन्तरिक बजारमा पठाउन थालेको थियो।

अहिले गुल्मी, पाल्पा, अर्घाखाँची, ललितपुर, तनहुँ, काभ्रे, सिन्धुपाल्चोक, लमजुङ, कास्की, गोर्खा, स्याङ्जा, पर्वत, बागलुङ गरी ४५ बढी जिल्लामा कफी पुगिसकेको बोर्डले जनाएको छ।

## वार्षिक...

गरेको बताए ।

स्थानीय सरकारले प्रदेश सरकारसँग पटक पटक छलफल गरेको , समस्या थुप्रै छन् । बीमाबाट पाईने सुविधा प्राप्त गर्न निक्कै झन्झटिलो छ । थुप्रैले बीमा नबुझेका कारण पनि समस्या पैदा भएको नगर प्रमुख बुढाथोकीको भनाई छ । बीमाबाट प्राप्त गर्ने क्षतिपूर्तिका लागि प्रक्रिया सहज हुनुपर्ने उनले बताए ।

विशिष्ट अतिथि उपप्रमुख मीना पोखेल उप्रेतीले यो बीमा कम्पनी नभएर सरकारको एउटा अंग भएको बताइन् ।

यहाँ उठेका समस्याहरूलाई सम्बन्धित निकायसँग बसेर नीति र कार्यक्रम तयार गर्ने बताउँदैं उपप्रमुख उप्रेतीले देशकै बढी क्षति वेहोर्ने पालिकाका रुपमा मेचीनगर नगरपालिका रहेको बताइन् ।

राहत वन्यजन्तुसँग केन्द्रीत रहेकाले बीमाको महत्व बुझ्न जरूरी भएकाले यसको महत्व बुझेर बीमा गर्नु सहभागीहरुलाई सुझाव दिइन् । 'जब मानिसलाई पर्छ तबमात्र बीमाको आवश्यकता महसुस गर्छन्' उपप्रमुख उप्रेतीले भनिन् 'अहिले अलि छिटो छिटो छरितो र पारदर्शी रूपमा पीडितले राहत पाइरहेका छन् ।'

प्राधिकरणका निर्देशक निर्मल अधिकारीले छलफलको अध्यक्षता गर्दै नेपाल बीमा प्राधिकरण नेपाल सरकारको आधिकारिक बीमा नियामक निकाय भएको बताए । नेपालमा निष्पक्ष, प्रतिस्पर्धी र भरपर्दो बीमा सेवा सुनिश्चित गर्ने प्राधिकरणको उद्धेश्य रहेको बीमितको हक हितको प्रभावकारी संरक्षण गर्न बीमाको पूर्ण नियमन गर्ने दायित्व पनि प्राधिकरणको रहेको बताए । बीमा ऐन र नियमावलीमा भएको व्यवस्था बमोजिम बीमालाई अगाडि बढाउन स्थानीय सरकार मेचीनगर नगरपालिकाले देखाएको अग्रसरताप्रति निर्देशक अधिकारीले आभार प्रकट गरे । उनले छलफलका क्रममा बीमाको महत्व, बीमा बजारको विद्यमान अवस्था र बीमा क्षेत्रको विकास एवम् विस्तारमा स्थानीय सरकारको भूमिका सम्बन्धी विचार राखेका थिए । उनले अनौपचारिक क्षेत्रका कामदार र विपन्न वर्गलाई बीमाको दायरामा ल्याउनका लागि आवश्यक व्यवस्था गर्न स्थानीय सरकारसँग आग्रह गरे ।

कार्यक्रममा सहभागीहरूले बीमाको विकास एवम् पहुँच विस्तारका लागि संघ स्थानीय र प्रदेश सरकारबीच सहकार्य हुनुपर्ने, जङ्गली हात्तीबाट प्रभावित क्षेत्रका लागि हात्ती बीमालेख ल्याउनुपर्ने, बीमा दाबी भुक्तानीमा ढिलाई हुन नहुने लगायतका धारणा राखेका थिए ।

नगरपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत होमनाथ भण्डारी, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षणका उपसचिव पुरुषोत्तम शर्मा, प्राक्टिकल एक्सन विक्रम रानालगायतको उपस्थितिमा भएको छलफलमा डिभिजन वन कार्यालय झापाका प्रमुख भरतबाबु श्रेष्ठ, मेचीनगर नगरपालिका वडा नम्बर –४ का वडाध्यक्ष अर्जुनकुमार कार्की, मेचीनगर वडा नम्बर– ५ का वडा सदस्य एवम् कार्यपालिका सदस्य माया उप्रेती प्याकुरेल, मानव हात्ती द्वन्द्व व्यवस्थापन तथा वातावरण मञ्चका अध्यक्ष हरिप्रसाद उप्रेती, महासचिव मञ्जिल देवान, पूर्वजनप्रतिनिधि पासाङ तामाङ, सामुदायिक वन उपभोक्ता महासंघ झापाका अध्यक्ष वेदप्रसाद भण्डारी, तत्कालीन बाहुनडाँगी गाविसका अध्यक्ष निलकण्ठ तिवारी, सामुदायिक वन उपभोक्ता महासंघ मेचीनगरका अध्यक्ष जानुका न्यौपाने ओलीलगायतले आ–आफ्नो विचार राखेका थिए ।

नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# बाघ संरक्षणमा नयाँ चुनौती

**एक अध्ययनले हाल बाघ पाइने संरक्षित क्षेत्रभन्दा अन्यत्र र नेपालको उत्तर पूर्वी क्षेत्रमा बाघको वासस्थान बढ्ने प्रक्षेपण गरेको छ। यसरी नयाँ वासस्थानहरू प्रायः संरक्षित क्षेत्रभन्दा बाहिर हुने देखिएको छ। हाल ६४ प्रतिशत बाघको वासस्थान संरक्षित क्षेत्र र बाँकी ३६ प्रतिशत बाहिर रहेको अवस्थामा भविष्यमा संरक्षति क्षेत्रबाहिरको हिस्सा ५८ देखि ६४ प्रतिशतसम्म पुग्ने प्रक्षेपण अध्ययनको छ। यसले के देखाउँछ भने नेपालले हालसम्म गरेका संरक्षण प्रयास र पारिस्थितिकीय प्रणालीको पुनर्स्थापनाका कार्यलाई जलवायु परिवर्तनको चुनौतीले थप जटिल पार्ने देखिएको छ। यसरी बाघको मुख्य वासस्थान संरक्षित क्षेत्रभन्दा बाहिर हुने देखिएको सन्दर्भमा नयाँ संरक्षण रणनीति अख्तियार गर्नुपर्ने देखिन्छ।**

**प्रस्ट छ, बाघका लागि अनुकूलन वासस्थान खुम्चिँदा अथवा विनाश हुँदा बाघले नयाँ वासस्थानको खोजी गर्छ तर सहरीकरण, विकास निर्माणका कारण बाघको सम्भावित वासस्थानमा मानवीय चाप बढ्दो छ। घना जंगलमा बस्न रुचाउने बाघले मानिसको उपस्थितिलाई रुचाउँदैन। मानिसलाई आक्रमण गर्नेमा अधिकांश घाइते बाघ, बुढो बाघ तथा हुर्कंदै गरेको डमरु हुने गरेको मानिन्छ। यो हिसाबले यस्ता समस्याग्रस्त बाघको आवागमनमा निगरानी व्यवस्थालाई सुदृढ पार्नुपर्ने देखिन्छ।**

**यसैगरी बाघको सम्भावित बसाइँसराइका लागि करिडोर कनेक्टिभिटी तथा पारिस्थितिकीय प्रणालीको पुनर्स्थापना पनि उत्तिकै महत्त्वपूर्ण विषय हो। भारतसँग सीमा जोडिएका नेपालका संरक्षित क्षेत्रबाट भारतका संरक्षित क्षेत्रमा समेत बाघको आवागमन भइरहेको सन्दर्भमा दुवै देशले यी प्रजातिको संरक्षणमा थप प्रयास गर्न आवश्यक छ। वन्यजन्तुको चोरी–सिकारी रोक्न दुई देशले मिलेर प्रशासनिक कार्य पनि गरेका छन्। यसलाई नयाँ उचाइमा लग्न जरुरी छ।**

**जैविक मार्गको व्यवस्थापन, निगरानी व्यवस्थालाई सुदृढ पार्नुका साथै वन्यजन्तु र मानवबिचको सहअस्तित्वको भावनालाई थप सशक्त पार्न आवश्यक छ। त्यसो गर्न सकेमा मात्र दुर्लभ प्रजातिका रूपमा रहेको बाघको संरक्षण सम्भव हुने देखिन्छ।**




# निर्वाचनमा नैतिक प्रतिस्पर्धा



• यज्ञप्रसाद भट्टराई

नेपालमा देखिएको शासकीय विकृति विसङ्गतिप्रति असन्तुष्ट नेपाली जनताको प्रतिनिधित्व गर्दै जेनजीले गरेको दुई दिने आन्दोलनको कारण तत्कालीन सरकार तथा संसद् विघटन भई नयाँ सरकार बनेको पनि दुई महिना पूरा भएको छ । आगामी फागुन २१ गते प्रतिनिधि सभा सदस्य निर्वाचनको मिति तोकिएको छ । आन्दोलनको मर्म र भावना अनुरूप यस पटकको निर्वाचन स्वतन्त्र, स्वच्छ, निष्पक्ष र भयमुक्त तवरबाट सम्पन्न हुनु पर्छ भन्ने आवाज निर्वाचन सरोकारवाला सबैको रहेको छ ।

निर्वाचन लोकतन्त्रको आत्मा हो । निर्वाचनमार्फत जनताले आफ्नो प्रतिनिधि छनोट गरी शासन प्रणालीलाई वैधानिकता प्रदान गर्छन् । निर्वाचनको वास्तविक उद्देश्य केवल सत्तामा पुग्नु मात्र नभई जनसेवा र उत्तरदायी शासन प्रणाली स्थापित गर्नु हो । निर्वाचन सेवा र नैतिक प्रतिस्पर्धामा आधारित हुनु पर्छ भन्ने विश्वव्यापी मान्यता छ । नैतिक प्रतिस्पर्धाले उम्मेदवार र राजनीतिक दलहरू आचरण, मूल्य र सिद्धान्तमा आधारित भएर चुनावमा भाग लिनु पर्छ भन्ने मान्यता राख्छ । दल तथा उम्मेदवारले जनताको समस्या बुझेर समाधानका लागि योजना प्रस्तुत गरी जनताको सेवकका रूपमा आफूलाई साबित गर्नुपर्ने हुन्छ । निर्वाचनमा जित्नु वा विजयी हुनु भनेको शासनमा पुग्ने साधन मात्र हो । साध्य अर्थात् अन्तिम उद्देश्य भनेको जनता र राष्ट्रको सेवा गर्नु नै हो । यसर्थ सच्चा जनप्रतिनिधिले सत्तालाई सेवा गर्ने माध्यमका रूपमा ठान्नुपर्ने मान्यता रहेको हुन्छ । निर्वाचित प्रतिनिधिले नागरिकका आवश्यकता, अधिकार र विकासका प्राथमिकतामा आधारित नीति बनाई कार्यान्वयन गर्नुपर्ने हुन्छ । निर्वाचनले सेवामुखी शासनपद्धति सुनिश्चित र स्थापित गर्नुपर्ने मान्यता छ ।

नैतिकता लोकतन्त्रको मेरुदण्ड भएकाले निर्वाचनमा स्वच्छ प्रतिस्पर्धा हुनुपर्ने हुन्छ । नैतिकतालाई निष्पक्ष निर्वाचनको मूल आत्मा मानिन्छ । निर्वाचनमा सदाचार र सहिष्णुतामा आधारित प्रतिस्पर्धा कायम भई दल तथा उम्मेदवारले आफ्ना विचार, योजना र कार्यक्षमताका आधारमा प्रतिस्पर्धा गर्नु पर्छ ।

विश्वका केही देशमा भएको निर्वाचन हेर्दा अपेक्षाकृत रूपमा उच्च स्तरको नैतिकता, पारदर्शिता र जनसेवाको भावसहित सञ्चालन हुँदै आएको पाइन्छ । स्विडेनले आफ्नो देशको निर्वाचन प्रक्रियामा निष्ठा (इलेक्ट्रोल इन्टिग्रिटी) सुनिश्चित गर्न समग्र संरचना बनाएको छ । इलेक्ट्रोल इन्टिग्रिटी प्रोजेक्टको अध्ययन अनुसार स्विडेनले विदेशी हस्तक्षेप रोक्न, सूचनाको विकृति र साइबर आक्रमणको जोखिमको सामना गर्न राष्ट्रिय, क्षेत्रीय र स्थानीय स्तरमा निर्वाचन सुरक्षा सञ्जाल (इलेक्सन प्रोटेक्सन नेटवर्क) स्थापना गरेको पाइन्छ । निर्वाचनमा निष्ठा कायम गर्ने तथा नैतिक प्रतिस्पर्धा गर्ने देशमा स्विडेन शीर्षस्थानमा रहेको छ । स्विडेनलाई निर्वाचन सेवा र नैतिक प्रतिस्पर्धाको दृष्टिले सकारात्मक उदाहरण मान्न सकिन्छ । त्यसै गरी डेनमार्कसमेत विश्वमा उच्चतम स्तरको स्वच्छ, निष्पक्ष चुनाव गर्ने देश मध्येमा पर्छ । अस्ट्रिया, स्विटजरल्यान्ड, इजरायल, स्लोभेनिया लगायतका देशमा निर्वाचनमा उच्च नागरिक सहभागिता, सञ्चार माध्यमको सत्यतथ्य र निष्पक्ष भूमिका र नागरिकको सार्वजनिक विश्वास जस्ता पूर्वसर्तले ती देशमा हुने निर्वाचनमा नैतिक प्रतिस्पर्धा भई राम्रोसँग सञ्चालन भएको पाइन्छ । खास गरी चुनावी वातावरणमा सामान्यत उच्च स्तरको निष्पक्षता र पारदर्शिता कायम हुने भएकाले ती देशमा नागरिकलाई विवेक प्रयोग गरी योग्य र सक्षम उम्मेदवारलाई प्रतिस्पर्धात्मक रूपमा मत दिने मौका मिलेको हुन्छ ।

नेपालमा विगतदेखि धेरै निर्वाचन हुँदै आएका छन् । ती निर्वाचन विकृतिमुक्त हुन सकेको देखिँदैन । विसं २०७९ को निर्वाचनमा दोलखा, बाजुरा, स्याङ्जासमेतका केही स्थानमा भएका दल तथा उम्मेदवारका क्रियाकलाप हेर्दा स्वच्छ र निष्पक्ष निर्वाचनका मूल्य मान्यताविपरीतका गतिविधि भई निर्वाचनको निष्ठालाई खलल पुऱ्याउने खालका गतिविधि हुने गरेको पाइन्छ । निर्वाचन आचारसंहिता विपरीतका कार्य पनि भएको पाइन्छ । मनोनयन पत्र दर्ता गर्ने क्रममा बाजाघाजा झाँकी प्रयोग हुने गरेको, मन्त्री सरकारीस्रोत प्रयोग गरी प्रचारप्रसारमा गएको, दलका चिह्न अङ्कित टिसर्ट लगाउने गरेको, औषधी उपचारको वाहनामा नगद रकम बाँडने गरेको, बाढीपीडितको नाममा आफ्नो निर्वाचन क्षेत्रमा खाद्यान्य वितरण गर्ने गरेको, सामाजिक सञ्जालको दुरुपयोग गरेको, मतदातालाई फ्री टिकट र फ्री भिसामा विदेश पठाइदिने भनी भ्रममा पार्ने गरेको जस्ता गतिविधि विगतको निर्वाचनमा भएको पाइन्छ । निर्वाचनमा पैसाको प्रभाव, सत्ता र शक्तिको दुरुपयोग, झुटो प्रचारप्रसार र मतदाता भड्काउने खालका भाषणले निर्वाचनलाई कलुषित बनाएको छ । यस्ता गतिविधिले जनताको राजनीतिक चेतनामा निराशा ल्याउँछ र लोकतान्त्रिक प्रणालीप्रति अविश्वास बढाउँछ । यस अवस्थाबाट मुक्त हुन हामीले निर्वाचनमा नैतिकता एवं नैतिक प्रतिस्पर्धा पुनर्स्थापित गर्नु अत्यावश्यक छ ।

निर्वाचनलाई सेवा र नैतिक प्रतिस्पर्धाको रूपमा सफल बनाउन सबैभन्दा पहिला उम्मेदवार र राजनीतिक दलहरू नैतिक, उत्तरदायी र पारदर्शी हुनु पर्छ । उम्मेदवारले व्यक्तिगत स्वार्थ होइन, जनहितलाई प्राथमिकता दिनु पर्छ । झुटो प्रचारप्रसार, पैसाको दुरुपयोग र मतदातालाई लोभलालच दिने प्रवृत्तिलाई निरुत्साहित गर्नु आवाश्यक छ । दलहरूले नीतिगत रूपमा प्रतिस्पर्धा गर्नु पर्छ । व्यक्तित्वमा आधारित वा केन्द्रित भएर गरिने निर्वाचन प्रचारप्रसार एवं विद्वेषपूर्ण राजनीतिक गतिविधिलाई उपेक्षा गर्नु जरुरी छ ।

मतदाता लोकतन्त्रको शक्तिशाली आधार भएको हुँदा उनीहरूलाई चेतनशील र विवेकपूर्ण निर्णयकर्ता बन्न प्रेरित गर्नुपर्ने हुन्छ । दल तथा उम्मेदवारले मतदातालाई आफ्नो काम, नीति र चरित्रका आधारमा मतदान गर्न सिकाउनुपर्ने वा प्रेरित गर्नुपर्ने आवाश्यकता छ । निर्वाचनको प्रचारप्रसारमा मतदातालाई लोभलालच देखाएर तथा जात, धर्म वा भावनामा प्रभावित गरेर होइन, देश र समाजको हितका लागि मतदान गर्नुपर्ने शिक्षा दिनु आजको आवश्यकता हो । सञ्चार माध्यमले समेत सत्य सूचना र विवेकपूर्ण बहस प्रवाह गर्ने कार्यलाई प्राथमिकतामा राख्नु आवश्यक छ । नागरिक समाज र शिक्षालयले पनि युवामा नैतिक र राजनीतिक चेतना फैलाउने कार्यमा योगदान पुऱ्याउनु आवश्यक छ ।

अबको निर्वाचनमा उम्मेदवार, राजनीतिक दल र मतदातालाई नैतिक मूल्य र लोकतान्त्रिक आचरणको आधारमा प्रतिस्पर्धा गर्ने वातावरण सिर्जना गर्नु पर्छ । भ्रामक वा असत्य प्रचारप्रसार, पैसाको दुरुपयोग, धम्की, हिंसा वा जातीय धार्मिक विभाजनको प्रयोग र मतदातालाई लोभलालच देखाएर प्रभावित गर्ने कार्यलाई शून्य सहनशीलताको नीति अवलम्बन गरिनु पर्छ । मतदाताको स्वतन्त्र निर्णयको सम्मान गर्दै विचार र कार्यक्रम तथा योजनाका आधारमा निर्वाचनमा प्रतिस्पर्धा गर्ने कुरालाई सबैले प्राथमिकतामा राख्नु जरुरी छ । दल वा उम्मेदवारले आफ्नो योग्यता, दृष्टि र योजना स्पष्ट राख्ने र विरोधी विचारलाई शत्रु होइन, विकल्पका रूपमा लिने कुरालाई अपनाउनु पर्छ । त्यसै गरी जनतासँग गरेका वाचा पूरा गर्न प्रतिबद्ध रहने, पैसाको प्रभाव घटाउने र दल तथा उम्मेदवारका बिच समान अवसर सुनिश्चित गर्नु महत्वपूर्ण हुन्छ । व्यक्तिगत वा दलगत स्वार्थभन्दा देश र जनताको हितमा बहस केन्द्रित गर्नुपर्ने जस्ता विषयलाई नैतिक प्रतिस्पर्धाले यसले समेट्ने हुँदा यस्ता विषयलाई हामीले आत्मसात् गर्नु आवाश्यक छ । अहिलेको समयको माग पनि यही हो ।

आगामी निर्वाचनलाई सेवा र नैतिक प्रतिस्पर्धामा आधारित बनाउन निर्वाचन आचारसंहितामा राजनीतिक दल तथा उम्मेदवारले निर्वाचन घोषणापत्र बनाई सार्वजनिक गर्नुपर्ने प्रावधान राख्नु आवश्यक छ । निर्वाचन आचारसंहितामा दल वा उम्मेदवारले निर्वाचन घोषणापत्र सार्वजनिक गरी सोको आधारमा प्रचारप्रसार गर्नुपर्ने प्रावधान राख्नुपर्ने र उक्त निर्वाचन घोषणापत्र दलले आयोगमा र उम्मेदवारले सम्बन्धित निर्वाचन कार्यालयमा पेस गर्ने व्यवस्था गर्नु आवाश्यक छ । दल वा निर्वाचित भएका उम्मेदवारले निर्वाचन घोषणापत्रमा उल्लेख भएबमोजिमको कार्यप्रगतिको प्रतिवेदन प्रत्येक वर्ष सर्वसाधारणको जानकारीका लागि सार्वजनिक गर्नुपर्ने व्यवस्था गर्नु आवश्यक छ ।

यस कार्यले निर्वाचनमा दल वा उम्मेदवारले जनतालाई भ्रममा पार्ने एवं झुटो प्रचारप्रसार गर्ने कार्यलाई निरुत्साहित गर्दै उनीहरूलाई जनताप्रति उत्तरदायी बनाउन सहयोग पुग्ने छ । नीतिगत प्रतिस्पर्धा सुनिश्चित गर्दै दल तथा उम्मेदवारले जे वाचा गरेका हुन्छन्, त्यसको कार्यान्वयनको स्थिति जनतालाई थाहा हुनु पर्छ । जनप्रतिनिधिले कति वाचा पूरा गरे, कति गरेनन्, त्यो सार्वजनिक हुनाले शासनमा पारदर्शिता बढ्छ र यसले झुटा वाचा तथा जनताको भावनासँग खेलबाड गर्ने प्रवृत्ति घटाउँछ । विगतमा दल वा उम्मेदवारले गर्ने प्रचारप्रसार भावनात्मक र व्यक्तिगतस्तरमा हुने गरेकाले अबको निर्वाचनमा घोषणापत्रमा आधारित प्रचारप्रसार हुनुपर्ने आवाश्यकता छ । यसले विचार, नीति र योजनामा आधारित प्रतिस्पर्धा बढाउँछ । यस प्रकृतिको कार्यले दलप्रतिको जनविश्वास पुनर्स्थापित भई लोकतन्त्रमा पारदर्शिता, उत्तरदायित्व र नीतिमा-आधारित प्रतिस्पर्धा सुनिश्चित गर्न मद्दत पुग्ने छ ।

राजनीतिक दल तथा उम्मेदवारले निर्वाचन आचारसंहित उल्लङ्घन गरेमा वा निर्वाचनमा नैतिक प्रतिस्पर्धा विपरीतका गतिविधि गरेमा निर्वाचन आयोगले निर्वाचन आयोग ऐन, २०७३ दफा २३ बमोजिम एक लाख रुपियाँसम्म जरिबाना गर्न वा उम्मेदवारी रद्द गर्न सक्ने समेतको व्यवस्था छ । निर्वाचन कसुर मानिने कार्यको हकमा निर्वाचन (कसुर तथा सजाय) ऐन, २०७३ बमोजिम समेत कारबाही हुने प्रावधान छ ।

राजनीतिक दल वा उम्मेदवारले निर्वाचन प्रचारप्रसार अभियानमा निर्वाचन आचारसंहिताले निषेध गरेको कामकारबाही गर्न वा गराउनका लागि कुनै प्रकारले आर्थिक सहयोग लिने वा कामकारबाहीका लागि खर्च गर्ने वा गराउने गरेमा त्यस्तो कार्य गर्ने राजनीतिक दल वा उम्मेदवारलाई आयोगले निर्वाचन (कसुर तथा सजाय) ऐन, २०७३ को दफा ३० बमोजिम त्यसरी गरेको आम्दानी वा खर्च बराबरको रकम जरिबाना गर्न सक्ने र त्यसरी भएको जरिबाना छ महिनासम्म नबुझाउने उम्मेदवारलाई आयोगले तत्काल लागु हुने गरी बढीमा छ, वर्षसम्म कुनै पनि निर्वाचनमा उम्मेदवार हुन अयोग्य घोषित गर्न सक्ने व्यवस्था छ । आगामी निर्वाचनलाई स्वच्छ, निष्पक्ष, मर्यादित एवं नैतिक प्रतिस्पर्धी बनाउन दल, उम्मेदवार, मतदाता तथा निर्वाचन सरोकारवाला सबै पक्षको दृढ इच्छाशक्ति र सार्थक सहयोगको आवश्यकता अपरिहार्य छ ।

# ऐन र अध्यादेशमा सामञ्जस्य



• विकास भट्टराई

कुनै ऐनको कुनै प्रावधान अध्यादेशबाट खारेज भएपछि निश्चित अवधिमा अध्यादेशलाई संसद्ले स्वीकार नगरेमा पहिलेको ऐनको प्रावधान के हुन्छ ? त्यस्तो प्रावधान पुनर्जीवित हुन्छ वा हुँदैन भन्ने सम्बन्धमा केही दिनअघिसम्म न्यायिक जगत्मा अन्योल नै रहेको थियो । कसैले अध्यादेशले खारेज गरिदिएको ऐनको प्रावधान पुनर्जीवित हुन सक्दैन भन्ने जिकिर लिइरहेका थिए भने कसैले अध्यादेशलाई संसद्ले स्वीकार नगरेपछि ऐनको पहिलेको प्रावधान स्वतः पुनर्जीवित हुन्छ भन्ने मान्यता राख्दै आएका थिए । वास्तवमा २०७८ असोज ११ गतेबाट २०८२ कात्तिक २७ गतेको दिउँसोसम्म यस विषयमा अन्योल नै रहेको थियो ।

सर्वोच्च अदालतको पूर्ण इजलासले यसबारेको अन्योल हटाई न्यायिक जगत्मा एउटा महत्वपूर्ण योगदान गरेको छ । लामो समयसम्म यस विषयमा रहेको अन्योल हटाइ सर्वोच्च अदालतले एउटा उल्लेख्य नजिर स्थापना गरेको छ । ऐन संसद्ले पारित गर्छ भने संसद्को अधिवेशन नचलेको अवस्थामा सरकारलाई मन लागेको विषयमा उसले ऐन सरह लागु हुने गरी अध्यादेश राष्ट्रपतिलाई जारी गर्न लगाउँछ । अध्यादेशले ऐनको प्रावधानलाई पनि संशोधन वा खारेज गर्न सक्छ भन्ने मान्यता नेपालमा लागु भइसकेको छ । यद्यपि कतिपय विद्वान्ले ऐनको प्रावधानलाई अध्यादेशले खारेज गर्न सक्दैन भन्ने मान्यता राख्दै आएका छन् तर नेपालको न्यायिक निकायले अध्यादेशले कुनै पनि ऐनको प्रावधानलाई खारेज गर्न सक्छ भन्ने मान्यतालाई स्थापित गरी सोहीबमोजिम न्यायिक प्रणाली विकसित भइरहेको छ ।

राजनीतिक दलसम्बन्धी ऐन, २०७३ राजनीतिक दलको गठन, दर्ता तथा सञ्चालनसम्बन्धी प्रक्रियालाई व्यवस्थित गर्न र राजनीतिक दलको कामकारबाही तथा आर्थिक व्यवस्थापनलाई पारदर्शी र जिम्मेवार बनाउनका लागि र राजनीतिक दलसम्बन्धी प्रचलित कानुनलाई समयानुकूल संशोधन र एकीकरण गर्न जारी भएको यसको प्रस्तावनामा नै स्पष्ट गरिएको छ । यो ऐनले के कस्तो अवस्थामा राजनीतिक दल गठन गर्न पाइन्छ भन्ने बारेमा सुस्पष्ट व्यवस्था गरेको छ । यो ऐनको दफा ३३ को उपदफा (२) मा 'कुनै दलको केन्द्रीय समिति र सङ्घीय संसद्को संसदीय दलको सदस्यमा ४० प्रतिशत सदस्यले छुट्टै तथा नयाँ दल बनाएका वा अर्को कुनै दलमा प्रवेश गरेका वा त्यस्ता सदस्यसमेत भई नयाँ दल गठन गरेमा त्यस्तो संसदीय दलको सदस्यले दल त्याग गरेको नमानिने' भन्ने व्यवस्था रहेको छ । यो प्रावधानमा रहेको ४० प्रतिशत भन्ने व्यवस्थालाई २०७८ भदौ २ गते जारी भएको अध्यादेशले संशोधन गरी २० प्रतिशत बनाएको थियो । यो अध्यादेश डेढ महिना पनि कायम रहन सकेन । अर्थात् यस अध्यादेशलाई राष्ट्रपतिबाट २०७८ असोज ११ गते खारेज गरिएको थियो । राष्ट्रपतिबाट यो अध्यादेश खारेज भएप्छि ऐनमा रहेको ४० प्रतिशतको विषय पुनर्जीवित हुन्छ वा हुँदैन भन्ने बारेमा दुई मत देखिँदै आएको थियो ।

सर्वोच्च अदालतका न्यायाधीशहरू सपना प्रधान मल्ल, सुनीलकुमार पोखरेल र मेघराज पोखरेलको पूर्ण इजलासले अध्यादेश खारेज भएमा चालु अवस्थामा रहेको ऐनको पहिलेको प्रावधान पुनर्जीवित हुन्छ भन्ने मान्यता स्थापित गरी अन्योललाई हटाइदिएको छ । हुन त यसअघि २०६४ सालमा नै कुनै पनि विषयमा शून्यमा हुन सक्दैन भन्दै सर्वोच्च अदालतले नजिर स्थापना गरिसकेको थियो तर सो नजिर स्पष्ट थिएन अर्थात पूर्ण थिएन । अब भने सरकारको सिफारिसबमोजिम राष्ट्रपतिबाट जारी भएको अध्यादेश खारेज भएमा अध्यादेशबाट खारेज भएका ऐनका प्रावधान स्वतः पुनर्जीवित हुन्छ भन्ने मान्यतालाई सर्वोच्च अदालतले स्पष्ट रूपमा उल्लेख गरेको छ । सर्वोच्च अदालतको यो आदेश न्यायिक जगत्मा कोसेढुङ्गा साबित भएको छ ।

जनमत पार्टीसँग आबद्ध रहेका केही व्यक्ति जनस्वराज नामक पार्टी दर्ता गर्न भनी निर्वाचन आयोगमा निवेदन दिएका थिए । निर्वाचन आयोगले सो निवेदन स्वीकार गरी जनस्वराज नामक दल दर्ता गर्ने निर्णय गरेको थियो । निवेदन पेस गर्दा खारेज भइसकेको अध्यादेशको प्रावधानमा रहेको २० प्रतिशत केन्द्रीय समितिका सदस्य मिलेर नयाँ दल दर्ता गर्न माग गरिएको थियो । खारेज भइसकेको अध्यादेशका प्रावधानलाई टेकेर र आफूले कारबाही गरेका सदस्य मिलेर नयाँ दल दर्ता गर्न माग गरेकाले यस्तो माग संविधान, कानुन तथा मान्य सिद्धान्तविपरीत भएको दाबी गरी जनमत पार्टीले सर्वोच्च अदालतमा रिट निवेदन दायर गरेको थियो । यही रिट निवेदनको सुनुवाइ गर्ने क्रममा सर्वोच्च अदालतले अध्यादेश खारेज गर्दै यस्तो व्याख्या गरेको हो । अध्यादेशका प्रावधान ६० दिनपछि पनि लागु हुने वा अध्यादेश निष्क्रिय हुने वा खारेज हुने बारेमा नेपालको संविधानको धारा ११४ मा स्पष्ट व्यवस्था गरिएको छ । अध्यादेश जारी भएपछि बसेको संसद्को दुवै सदनले त्यसलाई स्वीकार नगरेमा स्वतः निष्क्रिय हुने, राष्ट्रपतिबाट जुनसुकै बखत खारेज हुने वा संसद्ले स्वीकार नगरेमा संसद्को दुवै सदनको बैठक बसेको ६० दिनपछि स्वतः निष्क्रिय हुने व्यवस्था उक्त धारामा छ ।

राजनीतिक दलसम्बन्धी ऐन, २०७३ को दफा ३३ को उपदफा (२) लाई संशोधन गरी आएको अध्यादेश राष्ट्रपतिबाट खारेज भएको थियो । उक्त अध्यादेशको खारेजीको परिणामलाई सर्वोच्च अदालतले ऐनमा भएको पहिलेको व्यवस्था नै कायम भएको उद्घोष गरेको छ । अर्थात् कुनै पनि दलका केन्द्रीय समितिका सदस्य र संसदीय दलका सदस्यमध्ये ४० प्रतिशतले मात्र नयाँ दल दर्ता गर्न सक्ने प्रावधान नै पुनर्जीवित भएको न्यायालयले स्पष्ट गरेको छ । पहिले कुनै विषयमा कानुन भएको तर अध्यादेशले त्यसलाई संशोधन गरेको अवस्थामा पछि कारणवश अध्यादेश खारेज भए पनि अध्यादेशसँगै पहिलेको व्यवस्था मर्दैन भन्ने अदालतको मान्यता हो । अदालतको आदेशमा उल्लेख गरिएको छ-'अदालतले विधायिकाको मौनता वा कानुनी रिक्तता वा शून्यलाई दृष्टिगत गरी सार्वजनिक हित, विधिको शासन, स्थिरता र बृहत्तर कानुनी व्यवस्थाको निरन्तरताको सिद्धान्तको आधारमा संसद्मा पेस नै नभएको तत्कालै राष्ट्रपतिबाट खारेज भई निष्क्रिय अवस्थामा पुगेको अध्यादेशले मूल ऐनको अध्यादेशद्वारा संशोधित व्यवस्था नै पुनर्स्थापित भएको मान्नु पर्छ ।' यसको मतलब राजनीतिक दलसम्बन्धी ऐन, २०७३ को दफा ३३ को उपदफा (२) मा रहेको '४० प्रतिशत' प्रावधान पुनर्जीवित भएको सर्वोच्च अदालतलको मान्यता रहेको छ ।


सर्वोच्च अदालतको यो मान्यतासँगै ऐनमा भएको प्रावधानलाई अध्यादेशले खारेज गरेमा पछि कारणवश उक्त अध्यादेश निष्क्रिय भएमा पहिले खारेज भएको प्रावधानलाई जगाउन संसद्ले नै प्रक्रिया पुऱ्याउनु पर्छ भन्ने भनाइ ओझेलमा परेको छ । अर्थात् ऐनको प्रावधान

❖ बाँकी तेस्रो पृष्ठमा

# पढ्नै पर्ने पुस्तक "सदरमुकाम भद्रपुरको गाथा"

• द्रोण अधिकारी गुहेली

झापाली पत्रकारिताको क्षेत्रमा चार दशकदेखि निरन्तर सेवारत गोपाल गिरी सकृय पत्रकारिताका दृष्टिले झापाको पहिलो पुस्ताको पत्रकारको रूपमा परिचित व्यक्तित्व हुन् । समाचार साप्ताहिकको सम्पादक/प्रकाशक तथा नागरिक एफएमको समाचार सम्पादकको भूमिकामा रहनु भएका गिरी पछिल्लो पटक इतिहासकारको हैंसियत निर्माणमा लाग्नु भएको छ । गिरीद्वारा लेखिएको पहिलो कृति "सदरमुकाम भद्रपुरको गाथा" पुस्तकले उहाँलाई राम्रो इतिहासकार बन्ने सुनौलो अवसर दिएको देखिन्छ । भद्रपुरलाई केन्द्र बनाएर पत्रकारिता र शिक्षणमा समेत जीवन समर्पण गर्नु भएका गिरीले छाँयामा हराउँदै गएको झापाको सदरमुकाम तथा नेपालको पुरानो शहर भद्रपुर नगरलाई उज्यालोप्रकाशमा ल्याउने काम यस पुस्तकबाट गर्नु भएको प्रष्ट रूपमा पाठकले पाउने छन् । शिक्षाणमा शालिनतासित तीक्ष्ण ज्ञान तथा पत्रकारितामा निडर र निष्पक्ष व्यक्तित्व निर्माण गर्नु भएका गिरीले पुस्तक लेखनबाट सत्य र तथ्य केलाउन सक्ने अन्वेषणात्मक सामर्थ्य पस्किन सफल हुनु भएको छ । शुद्ध भाषाशैली तथा सरल शब्द चयनबाट आकर्षक लेखन कला प्रस्तुत गरेर लेखिएको "सदरमुकाम भद्रपुरको गाथा" पुस्तकले नेपालको पुरानो शहर भद्रपुरको नालीबेली खोतल्ने प्रयास गरेको देखिन्छ । इतिहास लेखन आफैमा बेरसिलो लेखन मानिए पनि गिरीको यस पुस्तकले पाठकलाई पठन आकर्षण बढाउँदै रसस्वादन गर्ने सामर्थ्य पनि राख्दछ । भद्रपुर जान्ने व्यक्तित्व सकिदै गएका बेला प्रकाशनमा आएको यस पुस्तकले यस नगरको इतिहास जीवित राख्ने प्रयास राखेको देखिन्छ । भद्रपुरको नामकरणदेखि झापा सदरमुकाम बन्दासम्मका रोचक प्रसंग समेटिएको यस पुस्तकले नेपालका अन्य ऐतिहासिक नगरको इतिहास लेख्न पनि उत्प्रेरणा प्रदान गरेको छ ।




'भद्रपुरको इतिहास ' स्थापनाका आरोह-अवरोह र विक्रमणको वृतान्त बनेर आएको "सदरमुकाम भद्रपुरको गाथा" पुस्तक भद्रपुरमा बस्ने शिक्षा र चेतना चाहने व्यक्तिका लागि एकचोटी पढ्नै पर्ने पुस्तक हो । विद्यालय तहमा स्थानीय पाठ्यक्रम समेत लागू भएको भद्रपुर नगरपालिका क्षेत्रका हरेक विद्यालयका शिक्षक तथा विद्यार्थीले यस पुस्तकलाई सन्दर्भ सामग्रीका रूपमा उपयोग गर्न सकिने देखिन्छ । भद्रपुर नगर शिक्षा समितिले स्थानीय पाठ्यक्रम विद्यालयहरूमा लागू गरेको चार वर्ष भए पनि अहिलेसम्म पाठ्यपुस्तक देख्न नपाएका विद्यार्थीलाई सिकाइ सहजीकरणका लागि यो पुस्तक महत्वपूर्ण हुने छ । भद्रपुरमा बसेर राजनीति गर्ने, समाजसेवामा लाग्ने, शिक्षण पेशा अपनाउने व्यक्तिका लागि नभइ नहुने पुस्तकको सूचीमा "सदरमुकाम भद्रपुरको गाथा" अनिवार्य जस्तै छ ।

३५० पृष्ठभित्र ४० शीर्षक तथा उपशीर्षकमा विभाजित भएर आएको यस पुस्तकले भूगोलको परिचयदेखि ऐतिहासिक व्यक्तित्व समेत समेटेको छ । धुपगाछीबाट मानव बस्तीको इतिहास जोडेको भद्रपुरलेकसरी नाम बदल्ने अवसर पायो ? यस गाउँलाई शहरका रूपमा उन्नत बनाउन क-कसको भूमिका रहन गयो ? पूर्वी व्यापारिक केन्द्र भद्रपुरको हिजोको समृद्धिको पहिचान आज कता हरायो ? यी र यस्ता प्रश्नको जवाफ खोज्ने प्रयास पुस्तकले गरेको छ । बाहिर मुहार हेर्दा पुस्तक सामान्य होला जस्तो लागेपनि भित्री गुदी खोतल्दा पाठकले विशेष ज्ञानको अनुभूति पाउने छन् । भद्रपुरमा धेरै विद्वान जन्मिए, हुर्किए र यो शहर छोडेर अन्यत्र पलायन भए पनि होलान् तर कसैले गर्न नसकेको काम यस नगरको इतिहास खोज्ने प्रयास यस नगर बाहिर जन्मिए हुर्किएका गोपाल गिरीले गरेको देखिन्छ । भद्रपुर नगरलाई माया गर्ने मनहरूले एकचोटी पढ्नै पर्ने पुस्तकको सूचीमा गिरीको पहिलो कृति "सदरमुकाम भद्रपुरको गाथा" रहेको छ ।

# पाथीभरामा ३४ लाख ४८ हजारभन्दा बढी भेटी सक्तलन

झापा(प्रस)। प्रसिद्ध धार्मिक स्थल पाथीभरा (मुक्कुमलुङ) मा एक महिनामा ३४ लाख ४८ हजारभन्दा बढी भेटी सङ्कलन भएको छ। कात्तिक महिनामा उक्त रकम बराबरको भेटी सङ्कलन भएको हो ।



पाथीभरा क्षेत्र विकास समितिले हरेक महिनाको मसान्तमा सार्वजनिक गर्दै आइरहेको विवरण अनुसार कात्तिक महिनामा भक्तजनहरूले ३४ लाख ४८ हजार ५०० रुपियाँ भेटी पाथीभरा मन्दिरमा चढाएका छन् । अहिले पाथीभरा दर्शनका लागि प्रमुख सिजन भएका कारण दर्शनार्थीको संख्यामा समेत वृद्धि भएकाले भेटी रकम पनि यो महिना वृद्धि भएको पाथीभरा क्षेत्र विकास समितिका कार्यकारी निर्देशक प्रजिन हाङबाङ्ले जानकारी दिए ।

तीर्थयात्रीले मन्दिरमा चढाएको भेटी रकम समितिका कर्मचारीले नेपाल प्रहरीको रोहबरमा सङ्कलन गरी पोकामा लाहा छाप लगाई फेदीमा ल्याएर जम्मा गर्ने गरेका छन् । फेदीमा करिब एक सातासम्मको सङ्लकन गरी फुङलिङ रहेको कार्यालयमा ल्याएर दैनिक गणना गरि बैंकमा जम्मा गर्ने प्रचलन रहेको छ ।

कर्मचारीले कार्यालय समयमा प्रहरी तथा सिसिटिभीको निगरानीमा भेटी गणना गर्ने गरी समितिले व्यवस्थापन गरेको छ । सार्वजनिक गरिएको तथ्याङ्क अनुसार कात्तिक महिनामा ४२ हजार २६१ जना तीर्थयात्री दर्शनका लागि पाथीभरा मन्दिर आएका छन् ।

# पर्वतीय पर्यटनमा सर्वाधिक सफलता

झापा(प्रस) । नेपालमा पर्वतारोहण र पदयात्रा गर्ने आन्तरिक तथा बाह्य पर्यटकको संख्या बढ्दै गएको छ । नेपालमा खर्चालु पर्यटक भित्र्याउने मुख्य आधार मानिने पर्वतीय पर्यटन (हिमाल आरोहण) मा यस वर्ष पछिल्लो तीन वर्षयताकै सर्वाधिक सफलता मिलेको पर्यटन विभागले जनाएको छ ।

विभागका अनुसार सन् २०२३ देखि सन् २०२५ सम्मको तथ्याङ्क अनुसार हिमालमा आरोहणमा सर्वाधिक आकर्षणसँगै राजस्व सङ्कलनमा समेत उनका अनुसार सन् २०२४ मा ९० देशका दुई हजार ५४८, सन् २०२४ मा ९२ देशका दुई हजार ३६३ र सन् २०२५ मा दुई हजार ७४५ जनाले आरोहण अनुमति लिएकोमा पछिल्लो तीन वर्षको अवधिमा आरोहण गर्न चाहने हिमालको संख्यासमेत बढेर ६४ बाट बढेर ७३ पुगेको छ ।

त्यस्तै सन् २०२३ को शरद् ऋतुमा ७६ देशका एक हजार ३२६, सन् २०२४ मा ७३ देशका एक हजार २८० आरोहीले अनुमति लिएकोमा यस वर्ष ६२ वटा हिमाल आरोहण गर्न



करिब तीन गुणाले प्रगति भएको छ । विभागका निर्देशक हिमाल गौतमले भने, "पछिल्लो तीन वर्षको पर्वतारोहण परिदृश्य अनुसार हिमाल आरोहणतर्फ यस वर्ष आरोहण अनुमति लिनेको संख्या र राजस्व सङ्कलनमा सर्वाधिक प्रगति देखिएको छ । यस वर्ष ९३ देशका दुई हजार ७४५ पर्वतारोहीले नेपालका ७३ हिमाल आरोहणमा चासो देखाएका छन् जुन हालसम्मकै सर्वाधिक हो । त्यस्तै यस वर्ष राजस्व (सलामी दस्तुर) समेत विगतभन्दा तीन गुणाले बढेको छ ।"

८३ देशका एक हजार ५३८ आरोहीले अनुमति लिएको उनले जानकारी दिए । उक्त अनुमतिबापत यस वर्षको शरद् ऋतुमा २६ करोड ४१ लाख ८० हजार ४४९ रुपियाँ राजस्व सङ्कलन भएको छ ।  संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको तथ्याङ्क अनुसार सन् २०२२ मा ६१ हजार ७०१, सन् २०२३ मा एक लाख ५४ हजार २६२ र सन् २०२४ मा एक लाख ६६ हजार ३९४ जना विदेशीले ट्रेकिङ तथा पर्वतारोहणका लागि नेपाल भ्रमण गरेका छन् ।

# निर्वाचनमा सवा ३ लाख सुरक्षाकर्मी, १ लाख ३० हजार म्यादी

झापा(प्रस) । सरकारले आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचन सुरक्षामा करिब सवा ३ लाख सुरक्षाकर्मी परिचालन गर्ने भएको छ । गृहमन्त्री ओमप्रकाश अर्यालको अध्यक्षतामा बसेको समितिको बैठकले २१ फागुनका लागि तय भएको निर्वाचन सुरक्षामा करिब ३ लाख १४ हजार सुरक्षाकर्मी परिचालन गर्ने निर्णय गरेको हो । यसका लागि करिब १ लाख ३० हजार म्यादी प्रहरी भर्ना गरिने भएको छ ।

गृह मन्त्रालय स्रोतका अनुसार निर्वाचन सुरक्षार्थ नेपाली सेनाका करिब ७९ हजार, नेपाल प्रहरीका करिब ७२ हजार, सशस्त्र प्रहरीका ३३ हजार र म्यादी प्रहरी १ लाख ३० हजार जनशक्ति परिचालन गरिनेछ ।

निर्वाचन आयोगबाट मतदाता नामावली, मतदानस्थल र मतदान केन्द्रको अन्तिम टुंगो लागिसकेपछि परिचालन हुने सुरक्षाकर्मीको संख्यामा केही थपघट हुने र अहिलेलाई सवा तीन लाखको हाराहारीमा खटाउने गरी निर्वाचन सुरक्षा कार्ययोजना स्वीकृत भएको गृह मन्त्रालयले जनाएको छ । गृह मन्त्रालयका प्रवक्ता आनन्द काफ्लेले २०७९ को प्रतिनिधिसभा सदस्य निर्वाचन र बदलिँदो चुनौतीलाई आधार बनाएर आगामी निर्वाचन सुरक्षा योजना तर्जुमा भएको जानकारी दिए । सुरक्षा समिति बैठकले  निर्वाचनका लागि 'एकीकृत सुरक्षा योजना-२०८२' स्वीकृत गर्दै सेना, प्रहरी, सशस्त्र प्रहरी, राष्ट्रिय अनुसन्धान विभाग र म्यादी प्रहरीलाई परिचालन गर्ने निर्णय गरेको हो । सुरक्षा समितिबाट सुरक्षा कार्ययोजना स्वीकृत भएसँगै अब सेना परिचालनका लागि राष्ट्रिय सुरक्षा परिषद्ले मन्त्रिपरिषद्समक्ष सिफारिस गर्नुपर्ने छ । सेना परिचालन गर्न प्रधानमन्त्रीको अध्यक्षतामा रहने राष्ट्रिय सुरक्षा परिषद् को सिफारिसमा मन्त्रिपरिषद् बाट निर्णय गराएर राष्ट्रपतिले अनुमोदन गर्नुपर्छ ।

एकीकृत कार्ययोजना स्वीकृत भएसँगै १० मंसिरदेखि निर्वाचनलाई लक्ष्य गरेर सुरक्षाकर्मी परिचालन हुनेछन् । निर्वाचन सुरक्षा योजना बनाउन चारवटै सुरक्षा निकायका एकल र संयुक्त संयन्त्र बनेका थिए भने ९ असोजको केन्द्रीय सुरक्षा समिति बैठकले गृह प्रवक्ता काफ्लेकै संयोजकत्वमा एकीकृत निर्वाचन सुरक्षा योजना कार्यदल गठन गरेको थियो ।

# महशुल उठाउने प्राधिकरणको निर्णय सही भएको आयोगको ठहर




झापा(प्रस) ।विद्युत् नियमन आयोगले 'डेडिकेटेड' र 'ट्रंक लाइन' महशुल विवादका सम्बन्धमा नेपाल विद्युत् प्राधिकरणले गरेको निर्णयलाई नै सदर गरेको छ । दुई उद्योगको उजुरीमाथि सुनुवाई गर्दै आयोगले प्राधिकरणको बक्यौता उठाउने निर्णय सही ठहर गर्दै अन्तरिम आदेश दिन अस्वीकार गरेको हो ।

आयोगले पञ्चकन्या प्लास्टिक इन्डस्ट्रिज प्रालि र पञ्चकन्या स्टिलको उजुरीमाथि सुनवाई गरेको हो । ती उद्योगले प्राधिकरणबाट लिएको डेडिकेटेड र ट्रंक लाइनबाट विद्युत्को महशुल तिर्न लामो समयदेखि अटेर गर्दै आएका थिए ।

प्राधिकरणले पछिल्लो पटक २१ दिनको समय दिएर यही कात्तिक ४ र ५ गते ती उद्योगको लाइन काटेको थियो । प्राधिकरणले तय गरेको पहिलो किस्ता बापतको महशुल बुझाउँदै आयोगमा आवेदन दिएको थियो । ती दुई उद्योगको आवेदनमाथि आयोगका अध्यक्ष डा रामप्रसाद धिताल र अन्य चार जना सदस्यको इजलाशमा बहस भएको आयोगले जनाएको छ ।

बहसमा प्राधिकरणका तर्फबाट राजकुमार पोखरेल, रमेशकुमार घिमिरे र तुलाराम गिरीले बहस गरेका थिए । उद्योगीको तर्फबाट रोजन खड्काले बहस गरेको आयोगले जनाएको छ ।

आयोगले प्राधिकरणले कानुनी व्यवस्थामा नै रहेर महशुल तय गरेको ठहर गरेको छ । निर्धारित महशुल निश्चित समयभित्र नतिरेपछि लाइन काट्ने प्रबन्ध कानुनी व्यवस्था अनुसार रहेको आयोगले ठहर गरेको हो । आयोगको उक्त निर्णयमाथि चित्त नबुझेको खण्डमा निवेदक उद्योगी अदालत जान पाउने व्यवस्था छ ।

## ऐन...

जगाउन संसद्ले कुनै पनि प्रक्रिया पुऱ्याउन आवश्यक नभएको सर्वोच्च अदालतले स्पष्ट गरेको छ । यसै गरी संसद्वारा जारी भएको ऐन र अध्यादेशको हैसियतबारे पनि सर्वोच्च अदालतले प्रत्यक्ष अप्रत्यक्ष रूपमा केही उल्लेख गरेको छ । सर्वोच्चको आदेशलाई विश्लेषण गर्ने हो भने संसद्वारा जारी ऐनको हैसियत उच्च प्रकृतिको हुने उल्लेख गरिएको पाइन्छ । आदेशमा उल्लेख छ-'अध्यादेशद्वारा ल्याइएको संशोधनको मान्यता तत्कालको अवधिसम्म मात्र कायम हुन्छ । संसद्बाट पारित ऐनको हैसियत र मान्यता तथा अध्यादेशबाट पारित संशोधन सरकारले नै फिर्ता लिई खारेज भई निष्क्रिय रहेको अवस्थामा सोको हैसियत र मान्यता फरक फरक नै रहन्छ ।' सर्वोच्चले राजनीतिक दलसम्बन्धी ऐन, २०७३ को दफा ३३ (२) मा रहेको ४० प्रतिशतको व्यवस्थालाई पुनर्जीवित भएको उल्लेख गरेर विधायिकाको मौलिक उद्देश्यलाई कायम राखेको मान्नुपर्ने हुन्छ । यसले संसद्वारा पारित कानुनलाई शक्तिशाली हुन्छ भन्ने मान्यता राखेको छ । कानुनी रिक्तता रोक्न सर्वोच्चको उक्त आदेश महत्वपूर्ण छ ।

सर्वोच्च अदालतले ऐन, अध्यादेश र नियमावलीको हैसियतलाई पनि उजागर गरेको छ । अध्यादेशमा पार्टी विभाजन गर्न २० प्रतिशत केन्द्रीय समिति र संसदीय समितिका सदस्य आवश्यक पर्ने भनी गरिएको व्यवस्थालाई कार्यान्वयन गर्न सम्बन्धित नियमावलीमा पनि हेरफेर गरिएको थियो । नियमावलीमा पनि अध्यादेश जस्तै गरी २० प्रतिशत राखिएको थियो । अध्यादेश खारेज भएपछि नियमावलीमा भएको २० प्रतिशतको व्यवस्था के हुने भनी अन्योल उत्पन्न भएको थियो । सम्बन्धित विज्ञमध्ये कसैले अध्यादेश खारेज भए पनि नियमावलीको व्यवस्था जीवित नै रहन्छ भन्ने तर्क पेस गरेका थिए भने कसैले मूल कानुन नै खारेज भएपछि नियमावलीको व्यवस्था पनि स्वतः मर्छ भन्ने जिकिर गरेका थिए । सर्वोच्चले यसको छिनोफानो गर्दै भनेको छ-'अध्यादेशको दफा ३३ (२) ले संशोधनमा ल्याएको कम्तीमा २० प्रतिशत भन्ने प्रावधान निष्क्रिय भइसकेपछि सोलाई कार्यान्वयन गर्नसम्म बनेको नियमको व्यवस्था कायम रहन्छ भन्न मिल्ने देखिँदैन । स्रोत नै निष्क्रिय भइसकेपछि त्यस अन्तर्गत निर्माण गरिएको नियम वैधानिकतासमेतको आधारमा रहिरहन्छ भन्ने देखिँदैन ।'

नेपालको संविधानको धारा १७ को उपधारा (२) को खण्ड (ग) मा प्रत्येक व्यक्तिलाई राजनीतिक दल खोल्ने स्वतन्त्रता दिएको छ । त्यस्तै धारा २६९ (१) मा समान राजनीतिक विचारधारा, दर्शन र कार्यक्रममा प्रतिबद्ध व्यक्तिहरूले धारा १७ को उपधारा (२) को खण्ड (ग) अन्तर्गत बनेको कानुनको अधीनमा रही राजनीतिक दल गठन गरी सञ्चालन गर्न र दलको विचारधारा, दर्शन र कार्यक्रमप्रति जनसाधारणको समर्थन र सहयोग प्राप्त गर्नका लागि त्यसको प्रचारप्रसार गर्न, गराउन वा सो प्रयोजनका लागि अन्य आवश्यक काम गर्न सक्ने गरी व्यवस्था गरिएको छ तर यस्तो स्वतन्त्रता कानुनमा आधारित हुनु पर्छ भन्ने सर्वोच्चको मान्यता रहेको छ । कानुन नै शून्य भयो भने स्थिरता कायम हुन सक्दैन ।

अध्यादेशबाट संशोधन गरिएको व्यवस्था खारेज हुँदा पुरानो व्यवस्था जीवित भएको घोषणा गरिएन भने संवैधानिक र कानुनी संरचना भत्कन सक्छ भन्ने सर्वोच्च अदालतको मान्यता हो । दल दर्तासँग सम्बन्धित कानुन नै भएन भने अस्थिरता, रिक्तता, शून्यता कायम हुन गई अराजक स्थितिको सिर्जना हुन पुग्छ भन्ने सर्वोच्च अदालतको ठम्याइ रहेको छ ।

सुपर काईनेटिक एक्सप्रेस कुरियर

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस् ।
बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर

सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा, अदुवा खोला छेउ

## वर्गीकृत विज्ञापन संकलन केन्द्रहरु :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे : ९८१५९५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१०

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

मेष: भनेको कुराको विपरीत अर्थ लाग्नसक्छ । स्वास्थ्यमा गडबडी भई कामकाजमा असर

वृष: भगवानको आशीर्वादले भने काम बन्नसक्छ । लगनशीलताले विभिन्न अवसर दिलाउनेछ

मिथुन: रमाइलो यात्रा गर्ने अवसर प्राप्त हुनेछ । आकस्मिक धन लाभ हुनेछ ।

कर्कट: मिहिनेत गर्दा अधिक प्रगति हुनेछ । तर अरुको भलाइका लागि दौडधुप गर्नु पर्नेछ

सिंह: दैनिक कामहरू सन्तोषजनक ढंगले सम्पन्न हुनेछन् ।

कन्या: आज सामाजिक तथा धार्मिक कार्यमा रुचि बढ्नेछ । नयाँ वस्त्र एवं अलङ्कारको प्राप्ति

तुला: सामान हराउने वा चोरी हुने सम्भावना छ ।

वृश्चिक: दैनिकी काममा चुनौतीको सामना गर्नुपर्ला । कतिपय राम्रा अवसरहरू प्राप्त हुनेछन् ।

धनु: आज नयाँ र शुभ समाचार सुन्न पाइएला । मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ ।

मकर: आज सुन्दर पहिरनले व्यक्तित्वमा निखारता ल्याउनेछ । जोशजाँगर र हिम्मत पनि

कुम्भ: कला र गलाको प्रभाव बढ्नेछ । वैदेशिक कार्य पनि अघि बढ्नेछ ।

मिन: सामाजिक क्षेत्रमा सफलता मिल्नेछ । गरेका कामबाट धेरैलाई फाइदा पुग्न सक्छ